Regd. No. 1300/067/068
PAN: 600232009

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment And Development Company Ltd.
(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. ०८१/८२
च.नं. (Ref. No.): ३०६

# तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८१/०८/२६ गते बसेको सञ्चालक समितिको ३०४औं बैठकको निर्णयानुसार यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**

मितिः २०८१ साल पौष २४ गते, बुधबार (०८ जनवरी २०२५)

समयः विहान १०:०० बजेदेखि।

स्थानः कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौ

<u>छलफलका विषयहरुः</u>

(क) साधारण प्रस्तावः

१) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.२५% (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२ (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

५) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।

(ख) विशेष प्रस्तावः

१) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।

२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००|- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।

(ग) विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव



4th Floor, Nagarik Lagani Kosh Bhawan, New Baneshwor, Kathmandu, Nepal
Tel.: +977 1-4595016, 4595017, 4595018
Email: info@hidcl.org.np, www.hidcl.org.np

प.सं.
च.नं. *(Ref. No.)*:

वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीः

१. यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा प्रयोजनको लागि <u>मिति २०८१/०९/१२ गते यस कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ</u>। शेयरधनी किताब बन्द भएको अघिल्लो दिन मिति २०८१/०९/११ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सो मितिबाट ३ (तीन) कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र तेह्रौं वार्षिक साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य मानिने छन्।

२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावहरुको सुविधाको लागि <u>हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ९:३० बजेदेखि खुल्ला रहनेछ</u>।

३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले हितग्राही खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सोको प्रतिलिपि र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।

४. <u>सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतबाट मिति २०८१/०९/१४ गते कम्पनीको सूचना पाटीमा प्रकाशित गरिनेछ।</u> यस सम्बन्धी जानकारीहरु कम्पनीको वेबसाइट www.hidcl.org.np मा पनि हेर्न सकिनेछ। निर्वाचन अधिकृतको कार्यालय कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा रहनेछ।

५. शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको बिस्तृत आर्थिक बिवरण तथा सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्न वा कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौबाट लिन सकिनेछ। उक्त प्रतिवेदन सभा हुने समयमा सभास्थलमा समेत उपलब्ध हुनेछ।

६. सभामा भाग लिन वा मतदान गर्न <u>प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०८१/०९/२२ गते बिहान १०:०० बजे भित्र यस कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ।</u> सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै प्रतिनिधि मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र सोहि कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ। प्रोक्सी फारमको ढाँचा कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्न सकिनेछ।

७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन्।

९. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई सकेसम्म झोला तथा अन्य वस्तुहरु नलिई आउनुहुन अनुरोध गरिन्छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।

अन्य कुनै जानकारीका लागि कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ।

*उपरोक्त सूचना मिति २०८१/०९/०२ को नयाँ पत्रिका दैनिकमा प्रकाशित गरिएको।*



4th Floor, Nagarik Lagani Kosh Bhawan, New Baneshwor, Kathmandu, Nepal
Tel.: +977 1-4595016, 4595017, 4595018
Email: info@hidcl.org.np, www.hidcl.org.np